# प्रेश विज्ञप्ती

मितिः २०७७/१२/२०

<u>चितवन</u>

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड भरतपुर, चितवनको १९ औं बार्षिक साधारण सभा आज मिति २०७७/१२/२० मा सम्पन्न भयो । उक्त साधारणसभामा संस्थाका सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री दिपक खनालले आ.व. २०७६/०७७ को बार्षिक प्रतिवेदन पेश गर्नु भएको थियो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले स्वागत मन्तब्य दिनुभएको थियो ।




उक्त सभामा बार्षिक प्रतिवेदन पेश गर्दै अध्यक्ष खनालले प्रस्तुत गर्नुभएको १५ प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर समेत) को प्रस्ताव स्विकृत गरेको छ । सो प्रतिवेदन उपर शेयरधनीहरु कविता श्रेष्ठ, प्रकाश बहादुर श्रेष्ठ, कैलाश रिजाल तथा संस्थापक अध्यक्ष पिताम्बरप्रसाद आचार्यले राय, सुझाव तथा जिज्ञासा राख्नु भएको मा अध्यक्ष दिपक खनालले स्पष्ट पार्नु भएको थियो ।

बोनस शेयर पछि संस्थाको चुक्ता पुँजी १ अर्ब १५ करोड ६२ लाख पुगेको छ । साथै धादिङ्ग जिल्ला गजुरीमा केन्द्रीय कार्यालय रहेको नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति गर्ने प्रारम्भिक समझदारी पत्र अनुमोदन गरेको छ ।

साधारण सभाले समुह "क" संस्थापक सदस्यहरु मध्येबाट सञ्चालकहरुको निर्वाचन समेत गरेको छ । निर्वाचित सञ्चालकहरुमा लुम्विनी विकास बैंक लिमिटेडको तर्फवाट श्री दिपक खनाल, कृषि विकास बैंक लिमिटेडको तर्फवाट श्री यज्ञप्रकाश न्यौपाने र विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स-नेपाल) को तर्फवाट श्री गणेशकुमार के.सी. निर्विरोध हुनु भएको छ । निर्वाचन पश्चात वसेको सञ्चालक समितिको वैठकले लुम्विनी विकास बैंक लिमिटेड बाट प्रतिनिधित्व गर्नुहुने निर्विरोध निर्वाचित सञ्चालक श्री दिपक खनाल ज्यू लाई सर्वसम्मत अध्यक्षमा चयन गरेको छ ।

निरपेक्ष गरिवीको रेखामुनी रहेका ग्रामीण परिवारलाई स्तरीय, दिगो तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराई उनीहरुको आर्थिक अवस्था सुधार्ने मुल उद्देश्य लिई डिप्रोक्स-नेपालको अग्रसरतामा नविल बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड (तत्कालिन लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कंम्पनी लिमिटेड) र सिप्रेड तथा लघुवित्त क्षेत्रका दक्ष व्यक्तिहरु समेतको संलग्नतामा नेपाल राष्ट्र बैंकबाट मिति २०५८/०३/१९ मा इजाजत प्राप्त गरी स्थापित यस संस्थाले हाल देशको ७१ जिल्लामा १२४ शाखाहरु मार्फत २ लाख ३२ हजार सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ ।